# THE SCHOOL DISTRICT OF PHILADELPHIA
## OFFICE OF THE SUPERINTENDENT

**440 NORTH BROAD STREET, SUITE 301**

**PHILADELPHIA, PENNSYLVANIA 19130**

**EXECUTIVE OFFICES** **TELEPHONE (215) 400-4100**
**FAX (215) 400-4104**


मार्च १३, २०१३

प्यारा आमा-बुवा र अभिभावकहरु

फिलाडेल्फिया बिद्यालय जिल्ला शैक्षिक बर्षको महत्वपूर्ण भाग प्रवेश गर्न लागिरहेको छ, जुन समयमा विद्यार्थीको उपस्थिती धैरै महत्वपूर्ण हुने छ। विद्यार्थीहरु बिद्यालय बिच धैरैनै नियमित र रुपमा सरुवा गर्दा, बिद्यालयहरुलाई विद्यार्थीहरुको भर्ना र परिक्षाहरुको लागि तैयार गर्न धैरैनै गाह्रो हुन्छ। त्येसै कारण हाल नै लागु गरेको सरुवा प्रतिबन्धनको लागि हामी तपाईंको समर्थन र सहयोगको माँग गर्दछौं। **त्येसै कारण प्राथमिक र माद्यामिक बिद्यालयहरुको लागि मार्च ११ तारीख देखी मे ३ तारिख सम्म र उच्च माद्यामिक बिद्यालयहरुको लागि मार्च ११ तारिख देखी मे २४ तारीख सम्म, एउटा फिलाडेल्फिया बिद्यालय जिल्लाको बिद्यालय देखी अर्को फिलाडेल्फिया बिद्यालयमा सरुवा हुन विद्यार्थीहरुलाई हतोत्साहित गरिन्छ।** धैरैनै जोखिम स्थिती मा गरिएको सरुवाहरुलाई मात्र हामी मान्ने छौं र प्रत्येक सरुवाको समिक्षा गरिने छ।

बिद्यालय समुदायले, कक्षा ३ देखी ८ सम्मको विद्यार्थीहरुलाई राज्यले अधिक्रित गरेको पि. एस्. एस्. ए. (PSSA, Pennsylvania System of School Assessment) भन्ने परिक्षाको प्रशासन गर्न सुरु गरेको छ। यस परिक्षा पछी, उच्च माद्यामिक बियलयका विद्यार्थीहरुले, पठ्यक्रमको अन्तमा बिभिन्न परिक्षामा प्रविणताको मुल्याङ्कन गर्न राज्यले अधिक्रित गरेको किस्टोन परिक्षा (Keystone Examinations) लिने छन्। परिक्षाको मितीको समय तालिका तल दिइएको छ।

| | | |
|---|---|---|
| मार्च ११- १५ | पि एस् एस् ए लेखाइ परिक्षा | कक्षा ५-८ |
| मार्च १८-२२ | छुटेको खण्डमा दिने पि एस् एस् ए लेखाइ परिक्षा | कक्षा ५-८ |
| अप्रिल ८ -१९ | पि एस् एस् ए गणित र पढाई परिक्षा | कक्षा ३-८ |
| अप्रिल २२-२६ | पि एस् एस् ए बिज्ञान परिक्षा | कक्षा ४-८ |
| अप्रिल २९- मे ३ | छुटेको खण्डमा दिने पि एस् एस् ए गणित, पढाई र बिज्ञान परिक्षा | कक्षा ३-८ |
| मे १३ - २४ | अलजेब्रा १, जिवबिज्ञान, र साहित्य किस्टोन परिक्षा | कक्षा ९ - १२ |

यि परिक्षाहरु धैरैनै महत्वपूर्ण छन्। विद्यार्थीहरुले गणित, पढाई, लेखाइ र बिज्ञानमा कस्तो गरिरहेका छन् भनेर निर्धारित गर्न, परिक्षाको परीणाम, प्रयोग गरिन्छ। बिद्यालयहरुको शैक्षिक सफलता सुधार गर्न बनाइने प्रमुख निर्णय तथा कार्य-योजना पनि यि परीणाम प्रयोग गरी बनाइन्छ।

आफ्नो बालकको बिद्यालयको नियुक्ती र उपस्थिती प्रभाव पार्ने योजना बनाउन लाग्नु भएको खण्डमा यो प्रतिबन्धन मनमा राख्नु होला। यि महत्वपूर्ण परिक्षाहरुको प्रशासन गर्दा हामी सँग साझेदार भई काम गर्नु भएकोमा धन्यबाद। केही प्रश्न भए बिद्यालयको प्रधानअध्यापकलाई संपर्क गर्नु होला।

सत्कारका साथ

Karyn T Lynch

केरिन ति लिन्छ (Karyn T. Lynch)
प्रमुख, बिद्यार्थी समर्थन सेवा